**यौन उत्पीडन अधिनियम-2013**

कार्यस्थलमा महिलाहरुले कहिलेकाहिं यौन उत्पीडनको सामना गर्नु पर्दछ। यस्तो स्थितिमा महिलाहरुलाई न्याय एवं सुरक्षा प्रदान गर्नका लागि सरकारले एउटा कानुन बनाएको छ। यो कानुनको नाम हो - कार्यस्थलमा महिलाहरुमाथि भएको यौन उत्पीडन निवारण अधिनियम, 2013।

**यौन उत्पीडन कसलाई भनिन्छ?**

कार्यस्थलमा महिलाहरुसित यौन भावनाले गरिएको आवांछित व्यवहारलाई नै यौन उत्पीडन भनिन्छ। यसमा सामेल छन :



* कुनै व्यक्तिद्वारा मलिहासंग शारीरिक संपर्क गर्नु, जबरदस्ती गर्नु, स्पर्श गर्नु।
* प्रत्यक्ष वा अप्रत्यक्ष रुपले यौन संबंधको माग गर्नु।
* अश्लील चित्र, कार्टुन, फिल्म, आपत्तिजनक पत्र-किताप, SMS देखाउनु।
* यस्ता कुरा सुनाउनु, जस्ले लज्जा उत्पन्न गर्छ।
* अश्लील टिप्पणी गर्नु आदि।

**यौन उत्पीडनको शिकायत कसलाई गर्नु?**

* पीडित महिलाले यौन उत्पीडनको शिकायत लिखितरुपमा कार्यस्थलमा गठित आंतरिक शिकायत समिति समक्ष गर्न सक्छन्।



* घटना घटेको तीन महिनाभित्रै शिकायत गर्नु जरुरी छ।
* पढ्न-लेख्न नजान्ने महिलालाई उसको शिकायतलाई लिखितरुप दिनमा आंतरिक शिकायत समिति, स्थानीय शिकायत समितिले सहयोग पुर्‍याउने छन।
* पीडित महिलाको शारीरिक, मानसिक स्थिति ठिक नरहेमा वा उसको मृत्यु भएमा कुनै दोश्रो व्यक्तिद्वारा शिकायत गर्न सकिन्छ।
* पीडित महिला र यौन उत्पीडकको बीच मेल-मिलाप भएमा पीडिताले आफ्नो शिकायत निरस्तको निम्ति अनुरोध गर्न सक्छिन्।
* शिकायत संबंधमा मेल-मिलाप हुँदा कुनै प्रकारको धनको लेन-देन हुनु हुँदैन।
* आन्तरिक शिकायत समिति वा स्थानिय शिकायत समितिले घटनाको सम्पूर्ण विवरण जिला पदाधिकारी एवं नियोक्तालाई पठाउँछ।

**शिकायतको जांच ( छानबिन )**

* पीडित महिलाको लिखित शिकायत प्राप्त गरेपछि नियोक्तालाई आन्तरिक शिकायत समिति स्थानीय शिकायत समितिले तल उल्लेख गरिएका निर्देश दिन सक्छ।
* पीडित महिला वा यौन उत्पीडनको आरोपी व्यक्तिको स्थानान्तरण।
* कुनै अन्य प्रकारको सहायता निर्धारण गर्नु।
* जांच पूरा भएको 10 दिन भित्रै समितिले नियोक्ता एवं संबंधित व्यक्तिलाई रिपोर्ट दिने छ।
* स्थानीय शिकायत समितिको जांचमा आरोपी दोषी हरिएको खण्डमा, समितिले कारवाई संबंधी सबै रिपोर्ट नियोक्ता एवं जिला अधिकारीलाई दिने छ।
* आंतरिक शिकायत समिति वा स्थानीय शिकायत समिति समक्ष गरिएको शिकायत झुटो सिद्ध भएमा शिकायतकर्तामाथि समितिले नियमानुसार उल्टो कारवाई गर्ने छ।

**के गर्नु पर्छ?**

* उत्पीडन गर्ने व्यक्तिलाई सजाय दिलाउनु पर्छ।
* उत्पीडन गर्ने व्यक्तिको घिनौनो आचरणबारे सबैलाई जानकारी गराउनु पर्छ।
* यौन उत्पीडनविरुद्ध एकसाथ खडा हुनु पर्छ।
* यस्ता उत्पीडनको विषयमा उच्च अधिकारीलाई लिखित रुपमा जानाकीर गराउनु पर्छ।

* प्रतिष्ठित व्यक्ति, पुलिस, मान्यता प्राप्त गैर सरकारी संस्थान आदिको सहायता लिनु पर्छ।

**यौन उत्पीडनको रोकथाम :**

कुनैपनि कार्यस्थलमा महिलाहरुमाथि यौन उत्पीडन नहोस् त्यस्को निम्ति आवश्यक छ –

* महिलाहरुलाई कार्यस्थलमा अनुकूल वातावरण प्रदान गर्नु।
* कार्यस्थलमा महिलाहरुमाथि हुने यौन उत्पीडन विरुद्ध उचित कार्यबाहीको प्रावधान राख्नु।
* महिलाहरुको नियुक्ति संबंधमा वर्तमान एवं भविष्यका शर्तहरु प्रष्ट पार्नु।
* महिलाहरुको कार्यमा अकारण हस्तक्षेप तथा उनिहरुलाई डराउने, धम्काउने जस्ता व्यवहार नगर्नु।
* महिलाहरुको सुरक्षालाई प्रभावित पार्ने जस्ता व्यवहारको विरोध गर्नु आदि।

**नियोक्ताको कर्तव्य :**

* अनुशासन संबंधी नियमहरुमा यौन उत्पीडन रोक्न सक्ने नियमहरु पनि सामेल गर्नु।
* नियम पालन नगर्ने व्यक्तिलाई उचित दण्ड दिने प्रावधान राख्नु।
* महिलाहरुलाई विभिन्न सुविधा प्रदानको निम्ति उचित प्रावधान राख्नु।
* बैठक अथवा अरु कुनै मंचहरुमा कर्मचारीहरुसंग यौन उत्पीडन संबंधमा चर्चा गर्नु।
* यस विषयमा महिलाहरुबिच जागरुकता ल्याउनु।
* कार्यस्तका कुनै अन्य व्यक्तिद्वारा यौन उत्पीडनको शिकायत प्राप्त भएमा चाँडै उचित कदम उठाउनु।
* यौन उत्पीडनको रोकथामको निम्ति आंतरिक सक्षम समिति गठन गर्नु।
* यौन उत्पीडनको शिकायत संबंधमा आंतरिक शिकायत समिति वा स्थानिय शिकायत समितिले सूचनाको माग गरेमा त्यो सूचना उपलब्ध गराउनु।
* आन्तरिक शिकायत समिति वा स्थानिय शिकायत समिति समक्ष आरोपी एवं गवाह उपस्थित गराउनमा सहयोग पुर्‍याउनु आदि।

**आउनुहोस् यो जनकारी जन जनमा फैलाऔं। महिलाको सम्मान गरौं।**

सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**
website :: www.srcguwahati.in

साक्षर भारत

**कानुनी साक्षरता शृंखला-4**

# महिलाहरुमाथि लैंगिक उत्पीडन

## ( निवारण, प्रतिषेध र प्रतितोष ) अधिनियम, 2013

